आज मिति २०८२।०३।०६ गते शुक्रबारको दिन विहान १०:०० बजे यस वराहपोखरी गाउँपालिकाका अध्यक्ष श्री शालिकराम बन्जाराज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न विषयमा छलफल एवं निर्णय गरियो।

**उपस्थिति**

| क्र सं | पद | पदाधिकारीको नाम र थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री शालिकराम बन्जारा | |
| २ | उपाध्यक्ष | श्री भुवलराज राई | |
| ३ | प्र.प्र.अ./सदस्य सचिव | श्री दिल कुमार अधिकारी | |
| ४ | सदस्य | श्री ढक बहादुर कार्की | |
| ५ | सदस्य | श्री पदम बहादुर मगर | |
| ६ | सदस्य | श्री तारा कुमार राई | |
| ७ | सदस्य | श्री सन्तोष आचार्य | |
| ८ | सदस्य | श्री फौदराज राई | |
| ९ | सदस्य | श्री दुर्गा बहादुर राई | |
| १० | सदस्य | श्री गणेश बहादुर परियार | |
| ११ | सदस्य | श्री पुर्ण बहादुर माझी | |
| १२ | सदस्य | श्री चिजा दर्जी | |
| १३ | सदस्य | श्री शोभा राई | |
| १४ | सदस्य | श्री कमला नेपाली | |
| १५ | सदस्य | श्री मनिशा विश्वकर्मा | |

आमन्त्रित

१. रञ्जित तमाङ नि.प्र.अ.

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२. तहवृद्धि समिति गठन सम्बन्धमा।
३. वहुक्षेत्रिय पोषण कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
४. खेलकुद कार्यक्रम सम्बन्धमा।
५. माछा पालन गर्ने कृषकहरुलाई प्रोत्साहन अनुदान सम्बन्धमा।
६. सुन्तला विस्तार कार्यक्रम सम्बन्धमा।
७. पाइप ढुवानी सम्बन्धमा।
८. योजनाको इस्टिमेट रिभाइज सम्बन्धमा।
९. राष्ट्रिय परिचय पत्र सम्बन्धमा।
१०. विषयगत शाखाहरुका सशर्त बजेट तथा अन्य बजेट सिलिङ सम्बन्धमा।

**निर्णयहरु**

**निर्णय नं १:** अघिल्लो कार्यपालिका बैठकको समिक्षा गरियो।

**निर्णय नं. २:** "स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" को परिच्छेद २ को दफा ५ (१) बमोजिम देहाय बमोजिमको तह वृद्धि सिफारिस समिति गठन गर्ने निर्णय गरियो :

(क) प्रमुख प्रशासकीय अधिकृत श्री दिल कुमार अधिकारी -अध्यक्ष
(ख) लेखा अधिकृत आठौँ श्री छत्र बहादुर बानियाँ -सदस्य
(ग) सि.अ.न.मी. अधिकृत छैटौँ श्री इन्दिरा कार्की -सदस्य

**निर्णय नं. ३:** यस वराहपोखरी गाउँपालिकामा चालु आ व २०८१।०८२ मा बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत "पोषण सुधारका लागि आय आर्जन अनुदान" कार्यक्रम यस गाउँपालिका अन्तर्गत वडा नं. ४, फाक्टाङमा सञ्चालनका लागि आवश्यक प्रकृया अथाशिघ्र अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ४:** जिल्ला खेलकुद विकास समिति, खोटाङको आयोजनामा सञ्चालन हुने १५ औं राष्ट्रपति रनिङ शिल्ड जिल्ला छनौट प्रतियोगिता कार्यक्रम २०८१।०८२ मा सहभागीताका लागि यस कार्यालयका खेलकुद प्रशिक्षक श्री लाखमान राईले यस कार्यालयबाट मिति २०८२।०२।११ गते पेश्की वापतको रकम रु. ६ लाख लिइएको र उक्त रकमबाट यस गाउँपालिकाका पालिकास्तरीय खेलाडीहरुलाई खेल अभ्यास, पोशाक तथा खेलकुद सामाग्री खरिद-व्यवस्थापन, खेलाडीहरु तथा प्रशिक्षकलाई खाजा नास्ताको व्यवस्थापन गरेको तर जिल्ला खेलकुद विकास समिति, खोटाङको च.नं. ६१ र मिति २०८२।०१।२२ को पत्रानुसार उक्त प्रतियोगिता आयोजना गर्न नसकिएको जानकारी प्राप्त हुन आएकोले उक्त खेलकुद कार्यक्रम सञ्चालनका क्रममा खरिद भएका तपसिल खेलकुद सामाग्रीहरु निज कर्मचारीले यस कार्यालयमा बुझाउन लगाइ निज कर्मचारीको नाममा रहेको पेश्की रकमको फछ्र्यौट प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**तपसिल**

| सि नं | सामाग्रीको नाम | परिमाण |
|---|---|---|
| १ | Volleyball | ४ थान |
| २ | Volleyball Net | २ थान |

CamScanner